कार्यपालिकाबाट अनुमोदन मितिः  २०७४। १२ । २३

# दार्मा गाउँपालिकाको बैठक भत्ता सम्बन्धी कार्यविधि - २०७४

**१. प्रस्तावनाः**

दार्मा गाउँ कार्यपालिका र गाउँ सभाको निर्णय बमोजिम दार्मा गाउँपालिकाको विभिन्न बैठक बसे बापत उपस्थित सदस्यहरुलाई प्रदान गरिने भत्तालाई ब्यबस्थित गर्न गाउँ कार्यपालिकाको मिति २०७४/१२/२३ गतको बैठकको निर्णय बमोजिम यो कार्यविधि स्वीकृत गरी जारी गरिएको छ ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, -

(क) "कानून" भन्नाले गाउँपालिकाको ऐन, नियम, कार्यविधिलाई सम्झनु पर्दछ।

(ख) "कार्यपालिका" भन्नाले गाउँपालिकाको कार्यपालिका सम्झनु पर्दछ।

(ग) "सभा" भन्नाले गाउँ सभा सम्झनु पर्दछ।

(घ) "वडासमिति" भन्नाले  गाउँपालिकाको वडा समिति सम्झनु पर्दछ।

(ङ)  "समिति" भन्नाले गाउँ कार्यपालिका र गाउँसभा अन्तर्गत गठन भएका विभिन्न विषयगत तथा अन्य समिति सम्झनु पर्दछ।

**३. बैठक भत्ताको मापदण्ड**

३.१ स्पष्ट विषयबस्तु र कार्ययोजना बेगर बसेको बैठकको भत्ता पाइने छैन।

३.२ कार्यपालिका तथा सभाको बैठक आवश्यकता अनुसार बस्नेछ तर महिनामा २  पटक भन्दा बढी बैठक बसेको भत्ता पाइने छैन।

३.३ वडा समितिको बैठक कम्तीमा महिनाको एक पटक बस्नेछ । तर महिनामा तिन पटक भन्दा बढी बैठक बसेको भत्ता पाइने छैन ।

३.४ बैठक कार्यालय समय बाहिर हुनुपर्नेछ।

३.५ कानून अनुसार गठन भएका समितिहरुको बैठकहरुको लागि मात्र  भत्ता प्रदान

गरिनेछ।

३.६ वडा समिति तथा विभिन्न समितिहरुको बैठकमा आमन्त्रित सदस्यका रुपमा थप व्यक्तिहरु राख्न पाइने छैन । तर कार्यापालिका र गाउँसभाको बैठकमा कार्यबोझका आधारमा प्रमुख प्रशासकिय अधिकृतलाई सहयोग गर्न २ जना सहयोगी आमन्त्रण गर्न सकिनेछ। आमन्त्रित सदस्यलाई अन्य सदस्य सरह भत्ता प्रदान गर्न सकिने छ।

४. बैठक भत्ता

४.१ गाउँ कार्यपालिका, गाउँसभा, गाउँसभा तथा गाउँ कार्यपालिका अन्तर्गतका समिति र वडा समितिको बैठक बसे बापत प्रति सदस्य प्रति बैठक रु १५००।- (एक हजार पाँच सय रुपैया मात्र) का दरले बैठक भत्ता उपलब्ध गराईनेछ ।

५. उपस्थिति

५.१ बैठकमा उपस्थित प्रत्येक सदस्यले उपस्थित पुस्तिकामा आफ्नो नाम र बुझिने गरी दस्तखत गर्नुपर्नेछ ।

६. परिमार्जन तथा संशोधनः

६.१ कार्यविधिलाई आवश्यकता अनुसार गाउँ कार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ।